मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : १३ • पूर्णांक : २१२ • वि.सं. २०८० फागुन १ मंगलवार • ने.सं. ११४४ सिल्लाथ्व चौथि • 2024 February 13 • पृष्ठ ८ • मूल्य रू. १०।-

'अग्र अनुहार'प्रति नेवाः पत्रकार र फोनिजको आपत्ति

विरोधपछि थितोलियो विमोचन कार्यक्रम

• **रत्न काजी महर्जन**

काठमाडौं/नेपाल पत्रकार महासंघ प्रतिष्ठान प्रदेशको आयोजनामा आइतवार विमोचन 'अग्र अनुहार' विमोचन नेवाः पत्रकार राष्ट्रिय दबू र आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)ले विरोध गरेपछि थितोलिएको छ।

काठमाडौंको पर्यटन बोर्डमा एक कार्यक्रमका विच पत्रकार महासंघले 'कथा अग्रजको गाथा महासंघको" नारा दिइ पुस्तक विमोचन गर्न लागिएको थियो। पुस्तक विमोचन पूर्व नै महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठको नाम छुटेको सच्याउन नेवाः पत्रकार राष्ट्रिय दबू र फोनिजले महासंघको प्रतिष्ठान प्रदेशसित समन्वय गरि पुस्तक प्रकाशन गर्न अनुरोध गरेको थियो। महासंघले संघको विधानअनुरुप भनी 'अग्र अनुहार' पुस्तक विमोचन गर्न लागेकोमा दबू र फोनिजले कार्यक्रम स्थल घेरी पुस्तक विमोचन रोकि दिएको थियो।

पुस्तक विमोचनमा अवरोध भएपछि कार्यक्रम सुचारु हुन सकेन भने फोनिजका महासचिव मिलन लिम्बुले

नेपाल पत्रकार महासंघको हेपाहा प्रवृत्तिविरुद्ध यसरी मञ्चमा आउनु परेको कुरा राख्नु भयो। नेपाल पत्रकार महासंघको आफुहरु पनि सदस्य रहेको र संस्थाका अग्रजप्रति आफुहरुको पनि सम्मान रहेको तर महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठको कहिँ कतै नाम उल्लेख नगरी उहाँको योगदानलाई कदर नगरी निकालिएको पुस्तक इतिहास हुन नसक्ने भएकोले पुस्तक विमोचन गर्न नदिइ अवरोध खडा गरेको बताउनु भयो।

महासंघको प्रतिष्ठान प्रदेशबाट आयोजना गरेको सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा सभामुख देवराज घिमिरे र विशेष अतिथिको रुपमा सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्मा आमन्त्रित थिए। तर कार्यक्रम पूर्व नै फोनिज र नेवाः पत्रकार राष्ट्रिय दबूले विज्ञप्ति जारी गरी पुस्तकप्रति असन्तुष्टि व्यक्त गरेपछि दुवै जना कार्यक्रम स्थलमा आउनु भएन। प्रमुख अतिथि र विशेष अतिथिको अनुपस्थितिमा पूर्व अध्यक्षहरुबाट पुस्तक विमोचन गर्ने उद्घोष भए लगतै दबू र फोनिजले मञ्च घेराउ गरि विमोचनमा अवरोध खडा गरेको थियो।

विमोचन कार्यक्रम रोकिए पछि सञ्चारकर्मीहरुसित कुरा गर्दै नेवाः पत्रकार राष्ट्रिय दबुका महासचिव केके मानन्धरले दबूले डा. महेन्द्र विष्ट अध्यक्ष भएको समयमा नै नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्षको नाम सत्यनारायण बहादुर श्रेष्ठ हुनुपर्ने माग राखि ८ वर्ष पहिले नै ज्ञापन पत्र बुझाएको तर त्यसको कुनै सुनुवाइ नभएकोले आज यो स्थितिको सृजना भएको भन्नुभयो। उहाँले थप अध्ययन गर्नु परेमा सहयोग गर्न तयार रहेको जानकारी दिँदादिदै पनि महासंघले हेपाहा प्रवृत्ति देखाई पुस्तक विमोचन गर्ने दुष्प्रयास गरेको विरुद्ध अब आफूहरु निरन्तर संघर्षमा उत्रने चेतावनी पनि दिनुभयो।

फोनिजका अध्यक्ष गजुरधन राइले आफुहरुले यो कार्यक्रम नगर्न अनुरोध गर्दागर्दै पनि महासंघले गरेको कार्यक्रम प्रति असहमति रहेकोले तत्काल सो कार्यलाई सच्चाउन अनुरोध गर्नुभयो।

पूर्व अध्यक्ष किशोर नेपालको गैरजिम्मेवार अभिव्यक्ति

कार्यक्रममा पूर्व अध्यक्ष मध्ये किशोर नेपालले आफ्नो वक्तव्य राख्ने क्रममा २००८ सालमा आफु जन्मेको र २०१२ सालमा आफु ४ वर्षको मात्र भएकोले आफूले केहि जानकारी नपाएको गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिनुभएको थियो। महासंघको नेतृत्व गरेका उहाँले संस्थाको इतिहास थाहा नभएको हो भने जानकारी लिनु पर्ने हो। तर नेपाली पत्रकारिता क्षेत्रबाट नै सम्मान गरिएका किशोर नेपालले दिएको अभिव्यक्तिले उहाँको चरित्र उजागर गरेको छ।

महिला पत्रकारको पनि असन्तुष्टी

नेपाल पत्रकार महासंघको अग्र अनुहार पुस्तकमा कुनै पनि महिलाको अनुहार नदेखिनुले महिला पत्रकारले पनि असन्तुष्टी जनाएको छ। कार्यक्रमको क्रममा आफ्नो मन्तव्य राख्ने क्रममा महिला पत्रकारबाट आफ्नो धारणा राख्नु भएका प्रेस यूनियनका उपाध्यक्ष सलोजा दाहालले सत्यनारायण बहादुर श्रेष्ठको विवाद धेरै पहिलादेखि भइरहेकोले अहिलेसम्म समाधान नहुनु दुःखको कुरा भन्नुभयो। उहाँले यस पुस्तकमा पत्रकार महासंघका अध्यक्षहरुको योगदानलाई लिएर प्रकाशन गरेकोमा महिलाहरुको कतै कहिँ जिकिर नहुनु स्वभाविक भए पनि आगामि दिनहरुमा महिला पत्रकारको नेतृत्व ल्याउनु पर्नेमा जोड दिनुभयो।

त्यसै गरि न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्काले यस पुस्तकमा महिलाको नामोनिसान नभएकोले असन्तुष्टी व्यक्त गर्नुभयो। अग्र अनुहारमा अध्यक्षको मात्रै भूमिका देखाइएको तर कार्यसमितिमा रहेर महिलाहरुले पनि नेपाली पत्रकारिताको विकासका लागि उत्तिकै योगदान दिएका कारण महिलाहरु पनि समेटिनु पर्नेमा जोड दिनुभयो।

बोर्डले गऱ्यो कोकिल मिडियालाई कारवाही

• **मेरो संवाददाता**

काठमाडौं/विज्ञापनको नियामक संस्था विज्ञापन बोर्डले विज्ञापन एजेन्सी कोकिल मिडियालाई १० हजार नगद तथा आगामी असार मसान्तसम्म विज्ञापन कारोवार गर्न नपाउने गरी कारवाही गरेको छ।

सो एजेन्सीले नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी विज्ञापन प्रसारण गर्नका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँग गत असोज १२ गते गरेको सम्झौतामा उल्लेख गरिएको रकम भन्दा धेरै सेवा शुल्क लिएर विज्ञापन प्रसारणको आदेश दिएका कारण जरिवाना गरिएको बोर्डले एक विज्ञप्ति जारी गर्दै सार्वजनिक गरिएको छ।

एजेन्सीले केन्द्रसँग विज्ञापन प्रसारणबापत प्रति स्पट रु.१०६।६१ मा सम्झौता गरी एफएम रेडियोमा प्रति स्पट रु. ११।११ मा प्रसारण आदेश दिएर प्रति स्पट रु.९८।५० अर्थात् ८८६.५८ प्रतिशत सेवा शुल्क लिन खोजेका कारण बोर्डले कारवाहीको निर्णय गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

बोर्डले उक्त एजेन्सीले ५२ वटा एफएम रेडियोबाट विज्ञापन प्रसारण गर्नुपर्नेमा २० वटा एफएमबाट मात्र विज्ञापन प्रसारणको आदेश दिएकोले बोर्डको गत माघ १९ गतेको बैठकले विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधनसमेत) को नियम ११ख का उपनियम (१) अनुरुप २०८१ साल असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोबार रोक्का गर्ने र सो अवधिसम्म एजेन्सीलाई विज्ञापन बोर्डमा सूचीकरण समेत नगर्ने निर्णय भएको उल्लेख गरिएको छ।

यसैगरी बोर्डले बोर्डमा सूचीकृत नै नभएको विज्ञापन एजेन्सी कोकिल मिडिया तथा बोर्डमा सूचीकृत नभएका ८ वटा एफएम रेडियोमा विज्ञापन प्रसारण गर्ने कार्यादेश दिएको पाइएकोले अब आईन्दा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी र सञ्चार माध्यमसँग मात्र विज्ञापन कारोवार गर्न गराउन राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रलाई निर्देशन दिने निर्णय गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

बोर्डमा मिति २०८० साल असोज १८ गते प्राप्त उजुरी उपर छानविन गर्न असोज २३ गते तीन सदस्यीय छानबिन समिति गठन गरी विस्तृत छानविन गरेको थियो। छानबिनको क्रममा अत्याधिक सेवा शुल्क लिने, तोकिएका सबै सञ्चार माध्यममा विज्ञापन प्रसारण नगर्ने तथा नियमानुसार सूचीकृत भएका विज्ञापन एजेन्सी र सञ्चारमाध्यमसँग मात्र विज्ञापन कारोवार गर्नु पर्नेमा त्यसो गरेको नपाइएपछि कोकिल मिडियालाई कारवाही गरिएको जनाइएको छ।

व्यवस्थित र निःशुल्क पार्किङको माग

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिका वडा २२ का वडाध्यक्ष चिनीकाजी महर्जनले एक पत्रकार सम्मलेनको आयोजना गर्दै न्यूरोडमा ठेक्कापत्ताबाट पार्किङ गराउने कार्यको आफूले पहिलेदेखि नै विरोध गर्दै आएको बताउनु भएको छ। उहाँले न्यूरोडमा सःशुल्क होइन निःशुल्क र व्यवस्थित पार्किङ गराउनु पर्ने बताउनु भयो।

काठमाडौं महानगरपालिकाले आफ्नो बजेटको ६०% पनि खर्च गर्न नसकेको अवस्थामा पार्किङ्ग शुल्क उठाएर राजश्व संकलन गरी राख्नु नपर्ने उहाँको तर्क थियो। अधिकांश मान्छेले किस्ताबन्दीमा ऋण गरेर गाडी किन्ने, त्यसमा पनि सरकारलाई २ देखि ३ सय प्रतिशतसम्म कर तिर्ने र वार्षिक सवारी कर गरी राजस्व संकलन गरिरहेकोमा फेरि पार्किङ्ग शुल्क भनेर राजश्व असुल गरी रहनु नपर्ने उहाँले बताउनु भयो।

आजभोलि काठमाडौंलाई सामाजिक सञ्जालमा 'बालेन सिटी' भनेर सम्बोधन गरिएकोमा पनि उहाँले असन्तुष्टी व्यक्त गर्नुभयो। २५ सय वर्षभन्दा पुरानो इतिहास बोकेको काठमाडौंलाई मेयर जितेको डेढ वर्षमा बालेन सिटी भनिनु काठमाडौंकै गरिमा घटाउने कार्य भएको उहाँले बताउनु भयो।

न्यूरोडमा पार्किङ हटाइएको विरोधमा वडा कार्यालयमा नै पत्रकार सम्मेलनको आयोजना गर्दै उहाँले सो कुरा बताउनु भएको हो। पार्किङ हटाएको विरुद्ध संघर्ष समितिका अध्यक्ष अमृत मानन्धरले मनपाले आफ्नो मागको सुनुवाइ नगरेमा सशक्त प्रतिकार गर्ने बताउनु भयो।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

संस्थापक विवादमा महासंघ

नेपाल पत्रकार महासंघ नेपाली पत्रकारहरुको हक अधिकारको रक्षाका लागि स्थापित सम्पूर्ण पत्रकारहरुको साझा संस्था हो। पत्रकारिता सबैलाई खबरदारी गर्ने र गलतलाई सच्याउन उत्प्रेरित गर्ने पेशा हो। यस्तो गरिमामय पेशामा संलग्न व्यक्तिहरुको साझा संस्था नेपाल पत्रकार महासंघ भने पछिल्लो केही समयदेखि संस्थापक अध्यक्ष को भन्ने विवादमा पर्दै आएको छ। विशेषतः केही वर्ष अगाडि नेपालमा पत्रकारहरुको संगठनका विषयमा प्रकाशित एक लेखमा २००८ सालमा नेपाल पत्रकार संघको स्थापना भएको र सो संघको संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ रहेको तथ्य सार्वजनिक भएपछि पत्रकार सम्बद्ध संघसंस्थाहरुले नेपाल पत्रकार महासंघ (जसले आफूलाई नेपाल पत्रकार संघको निरन्तरता भनिरहेको छ)ले संस्थापक अध्यक्ष मान्दै आएका कृष्णप्रसाद भट्टराईको ठाउँमा उहाँको नाम राख्नुपर्छ भन्ने माग गर्दै आएको थियो।

विशेष गरी आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) र नेवाः पत्रकार राष्ट्रिय दबूले यो मागलाई जोडदार रुपमा उठाउँदै आएका कारण यसलाई जातीय मुद्दाको रुपमा हेरिनु विडम्वनापूर्ण छ। सत्यनारायण बहादुर श्रेष्ठसँग जोडिएको इतिहास अगाडि आएसँगै नेपालमा सबैभन्दा पहिले पत्रकारहरुलाई संगठित पारेर उनीहरुको हक अधिकारका लागि आवाज उठाउने व्यक्ति श्रेष्ठ रहेको तथ्य बाहिरिएको थियो। तत्कालीन समयको एक मात्र राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित समाचार यसको सशक्त प्रमाण हो। नेपाल पत्रकार संघको स्थापना २००८ मा नै भएको पुष्टी भइसकेको र सो संघले पत्रकारहरुको अधिकार प्राप्तिका सरकारलाई ज्ञापनपत्र समेत बुझाएको तथ्य सबैका सामू घाम जस्तै छर्लङ्ग भए पनि नेपाल पत्रकार महासंघले आजसम्म संस्थापकको विवाद टुंगोमा नपुऱ्याउनु जातीय सोचकै उपज हो कि भन्ने शंका उत्पन्न भएको छ।

पत्रकार तथ्यमा आधारित भएर नै अगाडि बढ्छ र सत्यको लागि नै सँधै अगाडि उभिन्छ, उभिनु पर्छ। यसलाई मनन गर्दै पत्रकारिताको इतिहास र संगठनलाई मजबूत बनाउनका लागि महासंघले अब पहल लिन ढिलो भइसकेको छ। महासंघको वर्तमान कार्यसमितिले तत्काल संस्थापकको टुंगो लगाउन सके महासंघकै इतिहासमा पनि वर्तमान कार्यसमितिको छवि उज्ज्वल हुनेछ। अन्यथा विवादको यो श्रृंखलाले विग्रहलाई पनि निम्त्याउन सक्छ र यसले राम्रो परिणाम ल्याउने छैन भन्नेतर्फ सम्बद्ध पक्ष सजग हुनु आवश्यक छ।

प्रकृति पुजा र यसको महत्व - २

✍ कृष्णहरि देवकोटा

देही भानको कारणले गर्दा भोगविलासमा नै मानिस लिप्त बनेको छ। लामो समयदेखिको भोग विलासको आदतले पनि मानिसलाई त्यति नै सताइरहेको छ। प्रकृतिका हरेक बस्तु, जीवजन्तु, वनस्पति सबै मेरा भोगका लागि हुन् भन्ने उसलाई लागेको हुन्छ। एउटा बस्तु उपयोग गऱ्यो फेरी अर्को उपभोग गर्न मन लाग्छ। आज गऱ्यो भोलि पनि उस्तै भोग गरौँ भन्ने तृष्णाले सताई रहन्छ। खान हुने नहुने सबै खान्छ। लगाउन आवश्यक पर्ने नपर्ने सबै लगाउँछ। प्रकृतिका सबै बस्तु मेरा लागी पैदा भएका हुन् भन्ने ठान्दछ।

संसारमा धेरै प्रकारका जनजातिहरु र आदिबासी जनताहरु बसोबास गर्दछन्। तिनीहरु जुन भूगोलका भए पनि तिनीहरुले प्रकृतिको पुजन गरिरहेका देखिन्छ। विभिन्न धर्महरुको विकास हुनु भन्दा पहिले मानिसहरुले प्रकृतिको नै पुजा गर्दै आएका थिए र अहिले पनि पहाड, पर्वत, चट्टान, नदी, तलाउ, वृक्ष आदिको पुजन गर्ने मानिसहरुको संख्या धेरै नै छ। सत्य युग र त्रेतामा संसारमा कतै पनि मानिसहरुलाई दुःख थिएन। जव द्वापर युगको प्रारम्भ भयो दुःख पनि सुरु भयो। दुःख र समस्याबाट मुक्त हुन मानिसहरुले देवताको पूजा गर्न थाले। कसैकसैले प्रकृतिका तत्वहरुलाई नै देवताको प्रतिक मानेर पुजा गर्न थाले। साथै दुःखको निवारण गर्न भनी धेरै धर्म संस्थापक, वुद्ध, क्राइष्ट, इब्राइम आदि आए र आ-आफ्नो धर्मको स्थापना गरे। जो समुदाय यी धर्मावलम्वीहरुको सम्पर्कमा आउन सकेनन् उनीहरु त प्रकृतिकै पुजा गरिरहे। कतिपय समुदायका मानिसहरु कुनै धर्ममा आवद्ध रहेर पनि प्रकृतिको पूजन गरिरहे र अहिले पनि गरिरहेका छन्।

हिन्दू धर्ममा पनि प्रकृतिको पूजन हुँदै आएको पाइन्छ। प्राकृतिक तत्वहरुलाई देवताको सरह पूजन गर्ने चलन अहिले पनि छ। शास्त्रहरुमा उल्लेख पनि छ र जल देवो भवः, पृथ्वी देवो भवः, वायु देवो भवः, आकाश देवो भवः र अग्नी देवो भवः भनेर प्रकृतिको पूजा गर्ने चलन अहिले पनि चलिरहेको छ। हाम्रा शास्त्रहरुमा प्रकृति र पुरुषको बारेमा उल्लेख गरेको पाइन्छ। यी दुई कुरामा भिन्नता छ। पुरुष र प्रकृति दुई अलगअलग बस्तुहरु हुन्। तर तिनीहरुको सम्बन्ध भने अत्यन्त घनिष्ट हुन्छ। पुरुष र प्राकृतिक तत्वहरुको एकताबाट मात्र सबै जीवहरुको जन्म हुन्छ र जीवन चलेको हुन्छ। धार्मिक शास्त्रहरुमा प्रकृति र पुरुषको बारेमा धेरै व्याख्या विश्लेषण गरेको पाइन्छ। खास गरी हिन्दूहरुको गीता र उपनिषद्हरुमा र बौद्ध र जैन धर्म ग्रन्थहरुमा प्रकृति र पुरुषको बारेमा व्याख्या गरेको पाइन्छ। सारमा भन्दा पञ्च भौतिक प्राकृतिक तत्वहरुबाट जीवहरुको शरीर बनेको हुन्छ। जीवहरुको शरीर बन्ने पञ्चभौतिक तत्वहरु हून् - जल, पृथ्वी, वायु, आकाश र अग्नी। प्रकृति र पुरुष दुवै शक्तिहरु हुन्। पुरुष तत्वलाई आत्मा पनि भनिन्छ। प्रकृति र पुरुष फरकफरक छन्।

प्रकृति भनेकै शक्ति तत्व हो र पुरुष भनेको त्यो शक्तिलाई धारण गर्ने अर्को चैतन्य शक्ति हो। प्रकृति जड वस्तु हो भने पुरुष चैतन्य हो। एउटा विनासी हो भने अर्को अविनासी हो। प्राकृतिक तत्वहरु आपसमा मिलेर पुरुषको लागि रहने स्थान (शरीर) बनाइ दिन्छन् र पुरुषले त्यहाँ रहेर कार्य गर्दछ। प्रकृति र पुरुष दुबै मिलेर मात्र जीवन निरन्तर चल्दछ। पुरुष नरहे प्रकृति रहदैन। प्रकृति नरहे पुरुष रहँदैन। पुरुषले पञ्च भौतिक तत्वले बनेको शरीरबाट नै कार्य गर्ने हो। भौतिक शरीर मात्र रहेर पुरुष तत्व नरहे शरीरले मात्र केही गर्न सक्दैन। प्रकृति नरहे पुरुषको पनि अस्तित्व रहदैन। यी दुवैको मिलनले मात्र हरेक जीवको जीवन निरन्तर अगाडि बढ्दछ। र उनीहरुले आफ्नो जीवनमा विभिन्न कार्यहरु गर्दछन्।

मानव शरीर र अन्य जीवहरुको शरीर पनि पञ्च भौतिक तत्वहरु जस्तै जल, माटो, वायु, आकाश र अग्नीबाटै बनेको हुन्छ। चैतन्य शक्तिको उपस्थितिमा मात्र मानव शरीरले पनि कार्य गर्दछ। यो ब्रह्माण्डमा खासगरी सृष्टी जगतमा कुनै पनि कार्य सम्पादन गर्न प्रकृति र पुरुष दुबैको आवश्यकता हुन्छ। सोको लागि दुवै बराबर महत्वपूर्ण छन्। दुवै शक्तिको एकताबाट मात्र पुर्णता प्राप्त हुन्छ। तर मानिसले यो बुझिरहेको छैन। भ्रम, भय र भोगबादले उसमा अन्यौलता पैदा गरेको हुन्छ। म को हुँ भन्ने नै उसले बुझेको छैन। यो पञ्च भौतिक तत्वले बनेको शरीर नै म हुँ भन्ने भ्रममा छ ऊ। उसले शरीर, पदार्थ, सम्पत्ति, मान, सम्मान नै सबै म र मेरो भन्ने भ्रम पालेको छ। म भनेको चैतन्य पुरुष हुँ, अमरअजर, आदिअनादिदेखि नित्य हुँ तर शरीर भन्दा भिन्न हुँ भन्ने कुरालाई नै भुलेको छ। जड शरिर र कर्मेन्द्रीयहरुको बसिभूत भएर म अविनासी चैतन्य शक्ति (आत्मा) हुँ भन्ने वास्तविकतालाई नै भुलेको छ। त्यसैले त उसलाई शरीरको मात्र भान छ। देहभानमा रहेकोले शरीर गुम्ने या मृत्यु हुने ठूलो भय छ। त्यसै गरी उसलाई भौतिक सम्पत्ति गुम्ने पो हो कि भन्ने डरले पनि सताई रहन्छ। मान, सम्मान, पदवी पाएकाले यी सबै खोसिने पो हुन् कि भन्ने भय पनि बोकेको हुन्छ। यी कुराले ऊ सदा बेचैन रहिरहन्छ। यही जड तत्वको बसिभूत रहेर आफ्नो चैतन्य स्वरुपलाई भुलेर भ्रष्टाचार, पापाचार दुराचार गरिरहन्छन्।

देही भानको कारणले गर्दा भोगविलासमा नै मानिस लिप्त बनेको छ। लामो समयदेखिको भोग विलासको आदतले पनि मानिसलाई त्यति नै सताइरहेको छ। प्रकृतिका हरेक बस्तु, जीवजन्तु, वनस्पति सबै मेरा भोगका लागि हुन् भन्ने उसलाई लागेको हुन्छ। एउटा बस्तु उपयोग गऱ्यो फेरी अर्को उपभोग गर्न मन लाग्छ। आज गऱ्यो भोलि पनि उस्तै भोग गरौँ भन्ने तृष्णाले सताई रहन्छ। खान हुने नहुने सबै खान्छ। लगाउन आवश्यक पर्ने नपर्ने सबै लगाउँछ। प्रकृतिका सबै बस्तु मेरा लागी पैदा भएका हुन् भन्ने ठान्दछ। ती सबै बस्तुहरु जम्मा गर्न होडवाजी गरिरहन्छन्। यसले विभिन्न अपराधिक कार्यहरु गर्न उसलाई उद्धत गराउँछ। बस्तु र सामाग्रीहरु चाहिने भन्दा बढि थुपार्ने गर्छ। आफूवाहेक अरु कसैले उपभोग गरेको देखि सहन्नन् मानिसहरु। आफैंले मात्र थुपार्न आरिस्याई गर्छन्। अरुको भागको पनि खोस्ने, चोर्ने र लुट्ने गर्दछन्। नियम र कानून बनाएर सत्तामा बसेकाहरु भ्रष्टाचार गर्दछन्। मानिसले अहिले आएर आफ्नो महान, विशाल, चैतन्य रुपलाई भुलेको छ र त्यसैले विभिन्न अपराधजन्य काम गर्न गर्न पुगेको छ।

क्रमशः

निर्भेश र सिमसन बने विजेता

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं मोडल स्कुलको आयोजनामा विद्यालय स्तरीय एकल वाद्यवादन प्रतियोगिता शनिबार सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक रविन महर्जनको सभापतित्वमा सञ्चालित कार्यक्रममा वाद्यसम्राट न्हुछे बहादुर डंगोल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

जुनियर र सिनियर गरि दुई समूहमा गरिएको प्रतियोगिताको जुनियरतर्फ निर्भेस श्रेष्ठ प्रथम, सुप्रिमा नाय द्वितीय र एलन राज डंगोल तृतीय भए। यसैगरी सिनियर तर्फ सिमसन श्रेष्ठ प्रथम, रेमन श्रेष्ठ द्वितीय र समन तण्डुकार तृतीय भए।

प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीहरुलाई क्रमशः ६ हजार, ४ हजार र २ हजार नगद पुरस्कारका साथ प्रमाणपत्र, शोभिनियर र यूनिफर्म हाउसबाट गिफ्ट ह्याम्पर प्रदान गरिएको थियो।

जुनियरतर्फ यूविन महर्जनले बेस्ट पर्फर्मेन्स पुरस्कार जितेका थिए। प्रतियोगितामा २४ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगीहरुलाई विधान श्रेष्ठ र कृतज्ञ महर्जनले विविध बाजा बजाई सहयोग गरेका थिए।

प्रतियोगीहरुले बाँसुरी, पियानो, कीबोर्ड, मादल, धिमे र खिं बाजामा विविध सांगीतिक धूनहरु प्रस्तुत गरेका थिए।

प्रतियोगिताको अन्त्यमा काठमाडौं युथ अर्केष्ट्राबाट अर्केष्ट्रा प्रस्तुत गरिएको थियो।

कार्यक्रममा अर्केष्ट्रा ग्रुप र सहयोगी वाद्यवादकहरुलाई विद्यालयका निर्देशक राजेन्द्र महर्जनले कृतज्ञतापत्र प्रदान गर्नुभएको थियो।

काठमाडौं मोडल स्कुलको आयोजनामा विद्यालय स्तरीय एकल वाद्यवादन प्रतियोगिता सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक रविन महर्जनको सभापतित्वमा सञ्चालित कार्यक्रममा वाद्यसम्राट न्हुछे बहादुर डंगोल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

जुनियर र सिनियर गरि दुई समूहमा गरिएको प्रतियोगितामा २४ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगीहरुलाई विधान श्रेष्ठ र कृतज्ञ महर्जनले विविध बाजा बजाई सहयोग गरेका थिए।

प्रतियोगीहरुले बाँसुरी, पियानो, कीबोर्ड, मादल, धिमे र खिं बाजामा विविध सांगीतिक धूनहरु प्रस्तुत गरेका थिए।

प्रतियोगिताको अन्त्यमा काठमाडौं युथ अर्केष्ट्राबाट अर्केष्ट्रा प्रस्तुत गरिएको थियो।

कार्यक्रममा अर्केष्ट्रा ग्रुप र सहयोगी वाद्यवादकहरुलाई विद्यालयका निर्देशक राजेन्द्र महर्जनले कृतज्ञतापत्र प्रदान गर्नुभएको थियो।

काठमाडौं मोडल स्कुलको आयोजनामा विद्यालय स्तरीय एकल वाद्यवादन प्रतियोगिता सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक रविन महर्जनको सभापतित्वमा सञ्चालित कार्यक्रममा वाद्यसम्राट न्हुछे बहादुर डंगोल प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

जुनियर र सिनियर गरि दुई समूहमा गरिएको प्रतियोगितामा २४ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगीहरुलाई विधान श्रेष्ठ र कृतज्ञ महर्जनले विविध बाजा बजाई सहयोग गरेका थिए।

प्रतियोगीहरुले बाँसुरी, पियानो, कीबोर्ड, मादल, धिमे र खिं बाजामा विविध सांगीतिक धूनहरु प्रस्तुत गरेका थिए।

प्रतियोगिताको अन्त्यमा काठमाडौं युथ अर्केष्ट्राबाट अर्केष्ट्रा प्रस्तुत गरिएको थियो।

कार्यक्रममा अर्केष्ट्रा ग्रूप र सहयोगी वाद्यवादकहरुलाई विद्यालयका निर्देशक राजेन्द्र महर्जनले कृतज्ञतापत्र प्रदान गर्नुभएको थियो।

प्राइम ग्लोबलमा तेश्रो फनफिष्टा

• **मेरो संवाददाता**

काठमाडौं/यहाँको खुसिबुँस्थित प्राइम ग्लोबल स्कूलले माघ २७ गते शनिवारका दिन विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा प्रर्दशन गर्ने उद्देश्यले तेश्रो फन फिष्टा आयोजना गरेको छ।

विद्यालयको प्रवर्द्धनको उद्देश्यका साथ आयोजित कार्यक्रममा विद्यार्थीहरुको चित्रकला, नेपाललिपिको स्टलका साथै विद्यालयमा पठनपाठन हुने विविध शैक्षिक सामग्रीहरुको प्रदर्शनी गरिएको थियो।

सो क्रममा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले बनाएका विविध सामग्रीहरुको पनि प्रदर्शनी गरिएको थियो।

कार्यक्रमका बारेमा जानकारी दिनु हुँदै स्कूलका प्रिन्सिपल एनपी शर्माले यस्तो प्रदर्शनीले विद्यार्थीहरुलाई हौसला प्राप्त हुने बताउनु भयो। उहाँले यसले अभिभावकहरुले पनि आफ्ना बालबालिकाको प्रतिभा चिन्ने र उहाँहरुले के कति सिक्न सके भन्ने कुरा जान्न पाउने पनि बताउनु भयो।

विद्यालय संचालन भएको ७ वर्ष पुगे पनि बीचमा कोभिडका कारण सामूहिक भेला हुने कार्यक्रमहरु गर्न नहुने भएका कारण फन फिष्टा रोकिएकोले यसवर्ष तेश्रो पटक फनफिष्टाको आयोजना गरिएको पनि उहाँले बताउनु भयो। प्राइम ग्लोबल स्कूलले नर्सरीदेखि १२ कक्षासम्मको पठनपाठन गराउँदै आएको छ।

गोपीकृष्ण हल आजबाट बन्द

• **मेरो संवाददाता**

काठमाडौं/२०५२ सालमा स्थापना गरिएको गोपीकृष्ण सिनेमा हल आजबाट बन्द गरिएको छ।

गोपीकृष्ण मुभिजका प्रबन्ध निर्देशक निरक पौडेलले एक विज्ञप्ति जारी गर्दै कोरोनाको संक्रमणकालदेखि नै चलचित्र क्षेत्रमा आएको व्यवसायिक मन्दीका कारण आफूहरुले ठूलो घाटा बेहोर्नु परेको र विद्यमान कर प्रणालीका कारण पाँच दशकदेखि सक्रिय रहेको व्यवसायलाई बन्द गर्नुको पीडा व्यक्त गर्न नसकिने उल्लेख गरेको छ।

विज्ञप्तिमा आजका दिनसम्म सहयोग, सद्भाव तथा आत्मीयता प्रदान गर्ने दर्शक, चलचित्र निर्माता, वितरक, चलचित्रसम्बद्ध संघसंस्था तथा सरकारी निकायहरु आभार व्यक्त गरेको छ।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि–चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निति
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः२, ह्.ःवाखा।
फोन ल्या. ४३३०२१, ४३३४२००
इ-मेल : ankmedia.newafm@gmail.com
ग्रामो पात्रो

महाबू त्वाःया मूगुरु पञ्चरत्न डंगोल

नेपाःया मूर्तिकला ख्यलय् थःगु ब्यागलं म्हसीका दुम्ह कलाकार पञ्चरत्न डंगोल यँया परम्परागत महाबू त्वाःया मूगुरु नं जुयादी । वयकः थःगु व्यावसायिक ज्यायालिसें महाबूत्वाःया सांस्कृतिक संरक्षणय् नं उतिकं हे सक्रिय जुयाच्वनादीगु दु ।

किपा : नविन सिंह/मेरो साप्ताहिक

नालाया लोकजीवन - २

✍ रत्न काजी महर्जन

तजिलजि :

नेवाःत गन गन दु अन अन नेवाः संस्कृतियात नं जीवन्तकथं हनेगु यानावयाच्वंगु दु। नालाय् नं नेवाः तजिलजियात झीसं खंकेफु।

थन ईकथं चतुर्मास भजन, गुंला भजन थाय्थासय् हालेगु चलन दु। ऋतु कथंया म्ये, लोकम्ये नं हालेगु याइ। काहाः, पोङ्गा पुइगु व नाय्खिं थाय्गु नं याइ। नाला भगवतीया थाय् सुथय् सुथय् भजन याय्गु याइ। कन्यापूजा, देशपूजा, चैत्य पूजा, मतपूजा आदि थीथी संस्कृतित नाला देसय् हनावयाच्वंगु दु।

१. नखःचखः व पूजा :

नालाय् नेवाःतय्सं हनावयाच्वंगु थीथी नखःचखःत हनेगु यानावयाच्वंगु व थन अप्वः धयाथें ख्वपया लिसे सतिक जूगुलिं ख्वपया थें हे नखःचखःत हनेगु यानावयाच्वंगु खँ स्थानीय बुद्धीजीवि सिद्धिबहादुर कर्माचार्यजुं कनादीगु दु। वय्कलं बियादीगु जानकारीकथं नेवाः नखःचखःया छुं छुं खँ थन न्ह्यथनाच्वना -

अक्षय तृतिया

बैशाखं शुक्ल तृतीया खुन्हु अक्षय तृतीया नालाय्च्वंपिन्स तजिक हनि। थुकुनु नालाय् च्वमी मिसामस्तय्गु इही याय्गु परम्परा दुसा। दुम्ब खुशिया महालक्ष्मी जात्रा नं थ्व हे दिनय् याइ। थुकुन्हु इहीया पुर्णा यज्ञ याय्गु परम्परा दु। थुकुन्हु सतु, साखती व कुसा दान बीगु परम्परा दु

बैशाख पुन्ही (स्वांया पुन्ही)

स्वायां पुन्हिखुनु नालाय् नं तजिक बुद्धजयन्ती हनेगु परम्परा दु। थयापिं थुकुनु भ्वतया चन्देश्वरी जात्राय् नं ब्वति कायूत स्थानीय बासिन्दा पिनिगु धापु दु।

ज्या पुन्हि

दँया हे दकलय् ताहाकगु न्हि कथं कयातगु ज्या पुन्हि कुनु न्हिच्छी स्वाकं ज्या याय् मजिउ धैगु जनधारणा दु। थुकुनु नालायापिं पन्ति मेलाय् ब्वति कायूत वनेगु चलन दु।

तुल्सी पीगु

नालाय् च्वंपिं हिन्दु धर्मावलम्वीपिन्सं असार शुक्ल एकादशी खुनु तुल्सी पीगु चलन दु। थुखुनु निसें चतुर्मासया व्रत च्वनीपिं नं नालाय् दु।

गुंला

गुंला लच्छियंक धाः बाजं थानाः नाला करुणामय याथाय् दर्शन यावनेगु चलन दु।

नागपञ्चमी

नागपञ्चमी खुन्हु छैं छे नागः टिका नागयात सादुरु आदि पञ्चामृतं छाना पुजायाय्गु चलन दु।

गुपुन्हि

थ्व दिनय् सकल नेवाः तय्सं थे नालाय् च्वपिं नेवाःतय्नं गुता विव दुगु क्वाति त्वनेगु चलन दु। थ्व दिं खुन्हु बुँइ दपिं थिथि कथंया किपतग नया वाः मा बालाकेत ग्वाहाली याम्ह ब्याचित सुभाय् विइ कथं ब्या जा नकेगु नं चलन दु। ब्याचित जा नकेगु धकाः छैं वुगु मरि क्वाती आदि तया बुँइ यंका नकेगु चलन थन नं दु।

सापारु

भाद्र कृष्णपारु खुनु सापारु हनेगु परम्परा नालाय् नं दु। थुखुनु सीपिनि नामय् थीथी भजन हाला देय् चाहिलेगु परम्परा दु।

चथा

भाद्र कृष्ण चौथी खुन्हु चथाचखः हनेगु परम्परा दु। थुखुनु विशेष यानाः गणेश पूजा याइ। चथाया न्हि गथे जुल मोहनी नं अथेहे जुइ धैगु थनया स्थानीय बासिन्दा पिनि धापु दु।

कन्या पुजा

भाद्र कृष्ण पञ्चमी व सप्तमी खुन्हु कन्या पूजा याय्गु चलन दु।

यँया

यँया पुन्हिबलय् नालाय् नं यमा द्यः पुज्यानां समय् बजि नय्गु व इनेगु चलन दु।

मोहनी

मोहनी सकल नेवाःतय्सं हनि कथं हे हनिगु यानावयाच्वंगु दु। मोहनीया न्हापांगु न्हि कौलाथ्व (आश्विन शुक्ल) पारुखुनु नला स्वनेगु याइ। अष्टमी खुन्हु कुछिं भवय् नइ। थुखुनु नालाभगवतीया विशेष पुजा जुइ।

नवमी खुन्हु स्याक्वत्याक्व हनी। थुखुनु धुकु व द्यःयाथाय् वलि विया वन्हि सिकाभु याय्गु चलन दु।

दशमी खुन्हु चाल क्वकया थःथिति, म्हय्मस्त भिनामस्त नापं पासापिन्त नखत्या नकेगु चलन दु। थ्व इवः पुन्हि तकं न्ह्यानाच्वनि।

स्वन्ति

स्वन्तिया न्हापागु दिं क्वःपुजा हनेगु याइ। थुखुनु क्वःयात जा नकेगु धकाः सुथ न्हापां जा तयाः छैंया पलि तया विइ। खिचा पुजाः खुन्हु थगु छैंया रक्षा याइम्ह कथं नालाय् खिचायात पुजायाय्गु चलन दु।

लक्ष्मि पुजाया न्हि खुन्हु थनया साःया पुजा याय्गु चलन दु नापं थ्व हे बन्हि खुनु लक्ष्मी द्यःयात थि थि नसा ज्वरय् यानाः पुजा याय्गु चलन दु। थ्व दिं खुन्हु लक्ष्मी द्यः लय्ताय्कीगु धकाः छैं छखाः सुचुपिचु यानाः बन्हि भ्फः भ्फः धाय्क पाल्चा व भ्फिलिमिलि मत च्याकेगु चलन नं दु।

म्ह पुजाया न्हि खुन्हु थनया नेवाःतय् नं थगु गछैं अनुसार नसा त्वसा व थगु थिथि सि तया मन्द च्वया सकल परिवार च्वना छैंया ज्याथिया ल्हातं पुजायानाः हनेगु चलन दु।

किजा पुजा या न्हि खुन्हु किजा दुपिनि थीथी घासा ज्वरय् यानाः थः किजा पिन्त मन्द च्वया पुजा याय्गु चलन दु। विया व्छेय् धुकुपिं म्हय्याय् मस्तय्सं प्यता घासा नापं थिथि सि व मरिचरि हया किजा यात पुजा या वइगु चलन दु।

सकिमना पुन्हि

थ्व न्हि खुन्हु नालाया स्थानीय बासिन्दापिनि सकल छैं सुचुपिचु यानाः

गथांमुगः थ्व न्हि खुन्हु सकल नेवाःतय् थें नालाया बासिन्दातय्नं सुथनिसें सुचुपिचु याइ। छैंया मिसापिन्सं समय् बजि ज्वरय् याइ। थ्व दिनय् त्वाःबहालय् छ्वालिया गथांमुगः दय्की। नापं छम्ह मनूयात गथांमुगः दय्का उया म्ह छम्ह थीथी किपा कियाः आजु जय हाः धकाः त्वाःजःपिं मुनाः उया लिउ लिउ हा हा वनी। सन्या इलय् मो, हि, छा, कं, बौस्वां तयाः छैंजःया मुलिं पिखालुखुनिसें कयाः दुवातय् दुवातय् बौ तः वनी। उया लिपा नंया स्वंगु लुगु किं ताई। स्थानीयबासिन्दातय् धापू कथं थ्वकी ताय् धुंकाः सुं नं मनू छैं नं पिहाँ वने मज्यू। थ्व न्हि खुन्हु नं, लुँ व वहया अंगु न्ह्याइगु चलन दु।

कथहं

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११५

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुजि, सं.	१ कुलि कुलि चिंकेगुया भाव।	मुजा।
	२. ला ह्याकुंगुया भाव।	चाउरी।
गुजिलं, (लन-, -पाः)	जात्रा पात्राय् थाय्पातसें फीगु गुजि दुगु लं।	जामा।
गुजिवँये, क्रि. (ल)	गुजि काये।	मुजा पार्नु।
गुजुरु, सं.	ग्वाज्यः।	बेवकूफ, लठुवा।
गुजुरुक, क्रि.वि.	ग्वाज्योः क।	लठेब्रो पाराले।
गुजुके, क्रि.	हवाज्येके।	मूर्ख पार्नु वा बनाउनु।
गुजु पहः, सं. (हल-, -गू)	ह्वाज्यः पह, गुजुरु सु।	हुस्सूपना।

हलिं नेवाः गुथि गतिविधि

१५ क्वःगु दँमुँज्याया निंतिं मुँज्या

हलिं नेवाः गुथी मू पुचः व हलिं नेवाः गुथी पणु कचाया मंका मुज्या वंगु बिहीवाः च्वंगु दु।

उगु मुँज्यां १५ क्वःगु दँमुज्या भ्फःभ्फः धायेक हनेगु निंतिं थीथी कवःपाखें सहलह जुल। स्मारिका प्रकाशन, नेवाः भ्वय्, वसः., तिसाया प्रर्दशन, नेवाः सांस्कृतिक झाँकि नापं आधुनिक नेवाः म्येय् प्याखं क्यनेगु खँ क्वःछित। मुँज्याय् मूनायः बिनोद महर्जन, मूदुजः गोपालकृष्ण नकःमि, हरि महर्जन, पार्षद दुजः नेत्रमान प्रधान मकवानपुर जिल्ला नायः विजय मल्ल, कचा नायः निरन्जन श्रेष्ठ, ध्रुव श्रेष्ठ, शम्भु राज नापीत लगायत दुजपिसं ब्वति काःगु खः।

गुथिपाखें विचाः हायेकल

हलिं नेवाः गुथि मकवानपुर जिल्ला ज्यासना पुचःया दुजः रत्नलाल श्रेष्ठ मदुगु न्यान्हु दुखुन्हु वय्कःया छैंय् वनाः बिचाः हायेक्गु दु।

नेपाल प्रहरीइ इन्स्पेक्टरकथं ज्या यानावयाच्वनादीम्ह मदुम्ह श्रेष्ठ समाजसेवाया ख्यलय् नं उतिकं हे सक्रिय व्यक्तित्व जुयादी।

ज्याइवलय् हलिं नेवाः गुथी दाह संस्कार कवःया कजि विश्वमान श्रेष्ठ, मूनायः बिनोद महर्जन, जिल्ला नायः विजय मल्ल, कचा नायः नरहरी गोपाली, छ्याञ्जे राजभाई श्रेष्ठ, दांभरी भरत गोपाली, मूदुजःपिं भवानी प्रधान, अक्कल गोपाली, राजेन्द्र गोपाली, शिला महर्जनपिसं ब्वति काःगु खः।

ज्याइवलय् वय्कःया सुगातिया कामना यासें छगू मिनेट मौन धारणा याःगु खः।

न्यू जेनिथको सिल्भर जुब्ली भव्यरुपमा सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/शिक्षा क्षेत्रमा आफ्नो अलग पहिचान बनाउन सफल न्यू जेनिथ इङ्गलिस मोडल स्कूलको २५ औं वार्षिकोत्सव आइतवार भव्यरुपमा सम्पन्न गरिएको छ।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा विद्यालयका प्रिन्सिपल राजु महर्जनको कृति 'सानो सफलतामा धेरै रमाउने मान्छे' र यूनिभर्स अफ न्यू जेनिथको तेश्रो अंक विमोचन गरिएको थियो।

कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुँदै उपप्रमुख डंगोलले आफू विभिन्न रुपमा न्यूजेनिथसँग जोडिन पाएको बताउनु भयो। उहाँले आफूले



भर्खरै मिस नेवाःको उपाधि जितेको समयमा बालबालिकाका लागि बालबालिका अभियान संचालन गरेको र सो अभियानमा न्यूजेनिथका विद्यार्थी र विद्यालयबाट सहयोग प्राप्त भएको स्मरण गर्नुभयो। उहाँले न्यूजेनिथले शिक्षा मात्र दिने नभएर बालबालिकालाई

समाजसेवा अग्रसर हुन समेत प्रेरित गर्दै आएको बताउनु भयो।

विद्यालयका संस्थापक प्रधानाध्यापक राजु महर्जनले २०५६ सालमा जेनिथ इङ्गलिस स्कूलको प्राइमरि ब्लकको रुपमा स्थापना भएको स्कूलले २५ वर्ष पूरा गर्दा आफूलाई खुसि लागेको बताउनु भयो। उहाँले स्कूल स्थापना गर्दा ७४ जना विद्यार्थी र ९ जना शिक्षकबाट सुरु भएको र अहिले हजारौंको संख्यामा विद्यार्थी र ९० भन्दा बढी शिक्षकहरु विद्यालयमा रहेको पनि कार्यक्रममा बताउनु भयो।

विमोचित पुस्तकबारे प्रकाश पार्नुहुँदै प्रिन्सिपल महर्जनले यो पुस्तक कोभिडको देन भएको बताउनु भयो। कोभिडमा घरमा थुनिएर बस्नुपर्दा यो बुकको लेखन कार्य भएको र यसले जीवनमा केही गरौं भन्नेहरुका लागि हौसला दिने उहाँले बताउनु भयो।

कार्यक्रममा विशेष अतिथिका रुपमा उपस्थित हुनुभएका काठमाडौं प्याब्सनका अध्यक्ष प्रेम कुमार राईले विमोचित पुस्तकको समीक्षा गर्नुहुँदै एक शिक्षकको जीवनबाट पनि धेरै कुरा सिक्न सकिने बताउनु भयो।

कार्यक्रममा काठमाडौं मनपा १८ वडाका अध्यक्ष न्हुछेकाजी महर्जन, २३ वडाका अध्यक्ष मचाराजा महर्जन, ज्यापु महागुथि नेपाः काठमाडौं महानगर समितिका अध्यक्ष पञ्चनारायण महर्जन, लगायत विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा विद्यार्थीहरुको सामूहिक अर्केष्ट्रा, नृत्य, गायन, तेक्वाण्डो प्रदर्शन, स्काउट पिरामिड, नाटकको पनि प्रदर्शन गरिएको थियो। यसैगरी विद्यालयमा ५ वर्षभन्दा बढी सेवा गर्नु हुने शिक्षकहरुलाई पनि सो कार्यक्रममा सम्मान गरिएको थियो।

तस्वीर : प्रविण महर्जन



मेरो साहित्य

फूल

✍ **लक्ष्मी सुन्दरी शाक्य**

यहाँ फूलको बयान छ
तर फूल नै रोए छ
यहाँ चोट लागि रहेछ
तर सहन बाध्य छ
यहाँ फूलको बयान छ

आँसु भरेर आँखा
वेदनाले छटपट छ
यहाँ आफ्नो भन्ने को छ,
आफै विरानो भएछ
तर यहाँ फूलको बयान

यहाँ शान्ति नै कहाँ छ
क्रान्ति नै ओर्लिएको छ
यहाँ धर्म नै कहाँ छ
पापीले राज गरे छ
तर यहाँ फूलको बयान छ

यहाँ न्याय नै कहाँ छ
सबैथोक पैसाले जितिएछ
मानिस बाँचेको छ
तर जिउँदै मरिरहेछ
यहाँ फूलको बयान छ

यहाँ हाँसो नै कहाँ छ
वेदनाले भरिएको छ
यहाँ सुख नै कहाँ छ
दुःखले घेरिएको छ
यहाँ फूलको बयान छ।

आजित भए

✍ **रमेशमान मुनिकार "मूस्वां"**

विषालु त मान्छेहरु थिए
विचरा सर्पहरु त बदनाम भए!
सर्पले टोक्दा विष नलाग्ने भए
बरु मान्छेको कुराले विष लगाईदिए!

मान्छेको व्यवहारले सर्प आजित भए
सर्प भन्दा बरु मान्छे विषालु भए!
मान्छे सर्पदेखि हैन अब
मान्छे मान्छेदेखि डराउन थाले!

युग सुहाउँदो मान्छे मान्छे बने
सर्प आफै मान्छेदेखि डराउन थाले!
सर्पमा भएको प्राकृतिक विष भन्दा
मान्छेको कृतिम विष खतरा भए!

विषालु त मान्छेहरु थिए
विचरा सर्पहरु त बदनाम भए!
सर्पले टोक्दा विष नलाग्ने भए
बरु मान्छेको कुराले विष लगाईदिए!

जय नेपाली साहित्य!

दुई हाइकू

✍ **रमन**

सत्य छेक्ने को ?
आँट नगरे हुन्छ
आगोको मुस्लो ।

कालो छ रात
रोकिँदैन पाइला
घेरा टुट्ने छ ।

स्वयम् हेरचाह र समयमा नै उपचार आवश्यक छ : निर्देशक सिंह

विकासमान सिंह
कार्यकारी निर्देशक, एनएलआर नेपाल

नेपालमा सन् २०१० मा कुष्ठरोगलाई जनस्वास्थ्य समस्याको सूचीबाट हटाए पनि अहिले पनि हजारौंको संख्यामा कुष्ठरोगका सक्रिय विरामीहरु रहेका छन्। कुष्ठरोगलाई एक अभिसापको रुपमा लिने अन्धविश्वासका कारण यो रोगको उपचारमा रहेको कठिनाइ अहिले धेरै हदसम्म घटेको भए पनि अझै पनि कतिपय स्थानमा यो धारणा बाँकि नै छ। नेपालमा कुष्ठरोगको वर्तमान अवस्था र यसको नियन्त्रणका लागि गर्नुपर्ने कार्यहरुमा केन्द्रीत रहेर मेरो साप्ताहिकका लागि सम्पादक रत्न काजी महर्जनले कुष्ठरोगको नियन्त्रण तथा अवस्थाको अध्ययन तथा उपचारका क्षेत्रमा क्रियाशील रहेको एनएलआर नेपालका कार्यकारी निर्देशक विकासमान सिंहसँग गर्नुभएको कुराकानीको बाँकि अंश यहाँ प्रस्तुत गरिएको छ।

☞ नेपालको संरचनामा कुष्ठरोगी धेरै भएको ठाउँ कहाँ छ र त्यहाँ सरकारले काम गरेको अवस्था कस्तो छ ?

नेपाल सरकारले काम गरिरहेको सराहनिय नै छ। जुन स्केलमा गर्नु पर्ने हो त्यो चाहि अझै पनि न्यून अवस्थामा छ। हामी अहिलेसम्म नेपाल सरकारको बाटोमा हिँडिराखेका छौं। नेपाल सरकारले अहिलेसम्म यहाँ यति नै विरामी छ भनी यकिन गरी भनेको छैन। अहिले हामीले मधेस प्रदेशमा पाइलटिङ्ग गरेका छौं। अहिले सुरुवातको अवस्था भएर नेपाल सरकारको मधेश प्रदेशसित मिलेर कार्यक्रम बनाइरहेका छौं। हामीले यसको बेसलाईन २०७० लियौं २०८२ सम्म पूर्णरुपमा अद्यावधिक हुनपर्ने भनेको छ। अहिले ७९/८०को तथ्यांक हेर्ने हो भने १५ वटा जिल्लामा कुष्ठरोगको भार अति मात्रामा छ। दोस्रो परिलक्ष्यमा बालबालिका १५ वर्ष सम्मका लागि शुन्य कुष्ठरोग हुनु हुदैन भन्ने रहेको छ। अहिलेको २०७६ को हेर्ने हो भने ७५३ को हाराहारीमा रहेको छ। ८०/८१ मा चाहि त्यहि मात्रामा अथवा कम मात्रामा पार्ने लक्ष्य रहेको छ। परिलक्ष्यको कुरा गर्ने हो भने शुन्य भएको अवस्था छ भने २०८२ सम्म शुन्यमा झार्ने हाम्रो लक्ष्य रहेको छ। अहिले नयाँ १८१ बालबालिका मध्ये ८ जना भएको अवस्था छ। परिलक्ष्य ९ मा विभेदपूर्ण कानुनु अन्तर्गत २०७० देखि २०८२ सम्ममा हटाउने लक्ष्य रहेको छ। परिलक्ष्य १० मा रोकथाम गर्न केमोथेरापी गर्नुपर्ने भनेको छ। सम्पर्कमा आएका योग्य विरामीमा ५०% सम्मका बिरामीलाई औषधि खुवाउनु पर्छ भन्ने रहेको छ। परिलक्ष्य ११ मा बिरामीको सम्पर्कमा आएका व्यक्तिहरुको परिक्षण गर्नुपर्ने। हामीले चारवटा खम्बाको रुपमा लिएका छौ। खम्बा १ मा सवै बिरामीलाई राज्यका तर्फबाट राज्यमार्ग चित्र कार्यान्वयन गर्ने। खम्बा २ मा सक्रिय रुपमा विरामी पहिचान गरि एकिकृत रुपमा संचालन गर्नुका साथै कुष्ठरोगको रोगथाम कार्यलाई विस्तार गर्ने। खम्बा ३ मा कुष्ठरोग तथा यस्को जटिलता व्यवस्थापन गर्ने र अपाङ्गताबाट रोकथामको कार्यलाई विस्तार गर्ने। खम्बा ४ मा विभेद लान्छाना विरुद्धमा

काम गरि कसैको भर पर्नु नपर्ने जसले आय आर्जन गर्न सक्दैन उनीहरुलाई आर्थिक रुपमा सहयोग गर्ने आवश्यक शल्यक्रियाहरु जसलाई सर्जरी उपलब्ध गराइदिने जस्ता कार्य गर्नु आवश्यक छ।

खास गरी ४ हजार वर्ष पुरानो यो रोग धर्मका नामबाट पनि तिरस्कृत अवस्था र सरकारी निकायबाट पनि चेतनाको कमि पाएको यो रोगलाई कसरी हुन्छ न्युनिकरण गर्न खोज्ने। समुह समुह गठन गरि संघ संस्थासित संयोजन गरि चेतना मुलक कार्यक्रमको आयोजना गर्ने, वहुथेरापिको सदुपयोग गर्ने औषधिहरु समयमा नै नआई समस्या आइरहेको छ भने कसरी समस्या समाधान गर्न सकिन्छ त्यो निर्क्यौल गर्ने, कुष्ठरोगको दाता संकलन गर्ने, नियमित अनुगमनका साथै नियमित समिक्षा गर्ने निगरानि गर्ने, त्यसै गरि सरकारले कुष्ठरोगको लागि रणनीति तयार गरेको छ जस्तो २०७८ देखि २०८२ वनेको छ। त्यसैगरि लेप्रोसि पोष्टएक्पोजर प्रोफाइल संचालन निर्देशिका वनेको छ यस भित्र रहि काम गर्न सकिन्छ।

कुष्ठरोग मुक्त नेपाल बनाउनको लागि हामीले सघाउने हो। सरकारले पनि कुष्ठरोग फैलावटलाई रोक्न स्थानिय तहमा कुष्ठरोगको निर्वारण गर्ने। स्थानिय तहमा स्थास्थ्य क्लिनको व्यवस्था गर्ने। स्थानिय तहका स्वास्थ्य स्वयम सेविकाहरुलाई क्षमता अभिवृद्धि तालिम दिने , सक्रिय रोगको पहिचान गर्ने र नयाँ विरामीको सम्पर्कमा आएका व्यक्तिहरुको परिक्षण गर्ने , विभेदको कुरा न्यनिकरण गर्ने , प्रत्येक ठाउँमा कुष्ठरोगको निरिक्षण गर्न सुपरिवेक्षक नियुक्त गर्ने, मुल्याकनलाई सृद्धिकरण गर्ने र विभिन्न संघ संस्थालाई साझेदारि गर्ने हाम्रो धारणा त कुष्ठरोग लागेपछि उपचार गर्नुभन्दा लाग्नै नदिने उत्तम उपाय हो।

☞ अमूल्य समय दिनुभएकोमा धेरै धेरै धन्यवाद अन्तमा तपाईको केहि छ भने भन्न सक्नु हुनेछ।

धन्यवाद। तपाईको यस मेरो साप्ताहिक पत्रिकाले यो रोगको बारेमा विभिन्न ठाउँमा जानकारी फैलाउन मद्दत गर्नु हुनेछ। साथै एनएनआर नेपाल र नेपाल सरकारले यो रोगको लागि केस्ता कार्य गरिरहेको छ भन्ने कुरा पनि जनता माझ पुऱ्याइ दिनुहुनेछ भन्ने आशा लिएको छु। यो रोगलाई छुवाछुतको माध्यम नबनाइदिन सवैमा जनचेतना पुऱ्याइदिन पनि म आग्रह गर्दछु।

National Leprosy Programme

1960	Leprosy survey in collaboration with WHO.
1966	Pilot Project to control leprosy launched with Dapsone Monotherapy.
1984	Introduced MDT
1987	Integration of vertical leprosy control Programme with the general basic health services
1995	Focal Person - DTLA, RILA appointed
1196	Independent evaluation of National LCP
1999 & 2001	National Leprosy Elimination Campaign (2 Rounds)
2010	Leprosy Elimination declared from Nepal
2015	Disability focal unit
2017	National Leprosy survey
2019	In-Depth Review of National leprosy program and Envisioning to Zero Leprosy
2021	National Leprosy Roadmap of Nepal (2021-2030); National Leprosy Strategy of Nepal (2021-2025)

३८२ पुऱ्याउने कुरा छ। ८१/८२ को कुरा गर्ने हो भने ३४२ सम्म स्थानिय तह छ। त्यस्तै परिलक्ष्य ४ मा हेर्ने हो भने २०७२ मा हेर्ने हो भने ३२८२ छ। २०८२ मा चाहि आधार रेखा भन्दा २५% कम गर्ने लक्ष्य लिएका छौ। अहिले हेर्दा २५२६ रहेको छ आधार रेखा भन्दा कम छ। त्यस्तै गरि परिलक्ष्य ५ हेर्दा असमर्थता रहेको छ। बिरामीको कुरा गर्ने हो भने अब बिरामीको दर चाहि १० लाख जनसंख्यामा ५.३ छ। भनेपछि २०८२ सम्म १ भन्दा कम पुऱ्याउने लक्ष्य रहेको छ भने अहिले चाहि झन्डै भन्डै साढे ६ को हाराहारि रहेको छ। परिलक्ष्य ६ अन्तर्गत हामीले के भनेको छ भन्दा खेरि १५ वर्ष भन्दा मुनिका बालबालिकामा कुष्ठरोगको बिरामीको पहिचानको दर प्रति १० लाखको जनसंख्यामा २०७० को तथ्यांकलाई मान्दा खेरि ३० छ। २०८२ सम्ममा चाहि ६ भन्दा कम पार्ने सोच रहेको छ। अहिले ७९/८० को हेर्ने हो भने २३ छ। परिलक्ष्य ७ मा चाहि कुष्ठरोगको नयाँ बिरामि बालबालिकालाई हेर्दा २०७२लाई आधारमान्दा २६० छ जुन चाहि ७.९ भन्दा खेरि ८% जति छ। २०८० सम्ममा चाहि २% मा झार्ने लक्ष्य रहेको छ। अहिलेको हेर्ने हो भने देखि ७.१८% सम्म रहेको छ। बालबालिकामा असमर्थताको श्रेणी २ मा भएको बालबालिकाको संख्या चाहिँ २६० मध्ये २ जना भनेको थियौ २०८२ कार्यगरी मानव रक्षामा पहल गर्ने।

बाग्मतिमा ०.२१, गण्डकिमा ०.३५, कर्णालिमा ०.४५, सुदुरपश्चिममा १.०१, लुम्बिनि प्रदेशमा १.१०, मधेश प्रदेशमा १.०५, कोशि ०.९२, कपिलवस्तु २.०९, कैलालि २.०८, पश्चिम १.८१, रौटहट १.७१, पर्सा १. ७१, झापा १.६६, धनुषा १.५५, मोरङ्ग १.५३, बारा १.४६, शिराह १.४१, बाँके १.३८, रुपन्देहि १.३७, महोत्तरी १.२०, सर्लाहि १.१३ यो एरियामा काम गर्नुपर्ने अवस्था छ। यस आकलन अनुसार मधेश प्रदेशमा ९४४ जना कुष्ठरोगि छ। २२८५ मा ९४४ भनेको चाहि ३५% हो। यहाँको विडम्वना के छ भने खुल्ला सिमाना छ भारत सित खुल्ला सिमाना र रोग लुकाउने प्रवृत्तिले गर्दा यो आँकाडा सार्वजनिक भएको भन्दा बढि हुने सम्भावना छ। भारत सितको खुल्ला सिमाना अन्तर्गत पनि आवजावका साथै विवाह पनि भएको कारणले कोहि विरामी छ भने यो हाम्रो देशको होइन भन्न पनि नमिल्ने। औषधि उपचार गर्नुपर्ने अवस्था छ।

बाग्मति प्रदेशको कुरा गर्ने हो भने ०.२१ को कुरा छ। कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता शाखाबाट प्राप्त गरेको दाताामा काठमाण्डौ उपत्यकाका अस्पतालहरुमा उपचार गर्न आएका झन्डै ६२ जना नयाँ कुष्ठरोगी देखिएको छ। यसको आँकाडा हेर्दा खेरि छैन भनेको ठाउँमा पनि रोगी रहेछ। यहाँको वीर अस्पताल, टिचिङ्ग, बिरेन्द्र सैनिक, काठमाडौं मेडिकल कलेज, टेकुको शुक्रराज अस्पताल यी सबै अस्पतालको दाताामा हेर्दा चाहि यस्तो देखिएको छ।

कुनै एक व्यक्तिलाई कुष्ठरोग लागेको छ भने उसको बच्चाले समेत स्कूल गइ पढ्न नसक्ने अवस्था सिर्जना हुन्छ, काम गर्ने मानिसले पनि काममा जान नसक्ने अवस्था हुन्छ। जसको कारणले आर्थिक अवस्थामा ऱ्हास आउछ र तालिमको व्यवस्था गर्नुपर्ने स्थिति छ। भोजपुर, इलाम, ताप्लेजुङ्ग खोटाङ्ग जस्ता जिल्लाहरुमा शुन्य भनेको छ। कुष्ठरोगि नै छैन भनेको छ। कोशि र झापामा भने कार्य शुरु गर्ने अवस्था रहेको छ।

स्वयम् हेरचाह यसको आधारभूत उपचार हो। यो रोग मैले सुने अनुसार ४ हजार वर्ष पुरानो हो। यसको भ्याक्सिन आजसम्म कतै बनेको छैन। आजको दिनसम्म पनि यो रोग सरिरहेको अवस्था छ। समृद्ध राष्ट्रहरुमा यो रोग देखिँदैन। यस्को कारण स्वच्छ खानपिनको कारण र स्वच्छ जिवन शैलि पनि हुन सक्छ। पहाडि क्षेत्रमा भन्दा तराई क्षेत्रमा यस्को चाप बढि छ। मधेशका जनतालाई यो रोग सर्ने रोग होइन औषधि उपचारबाट रोगथाम गर्न सकिन्छ भन्ने जनचेतना जगाउनु पर्छ। मधेशमा विड्म्वना कस्तो पनि छ भने कुष्ठरोग छालामा थाहा नपाउने हुन्छ। त्यहाँ जाडो समयमा आगो बालेर ताप्ने चलन छ। आगो ताप्दा ताप्दै जलेको पनि थाहा हुन्न यो चाहि महत्वपूर्ण अवस्था छ र समयमा नै जाँच गर्नुपर्ने अवस्था छ। यसको निदानको लागि स्वयम् हेरचाह गर्ने समूह गठन गर्ने, सहयोग सामाग्रीहरु उनिहरुलाई वितरण गर्नुपर्ने, उनीहरुलाई सिपमुलक तालिम दियो भने उनिहरुले आफैले

जनकवि र लोककवि संरक्षक पदबाट सम्मानित

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषाको माध्यमबाट साहित्य सृजना गर्दै आउनुभएका जनकवि दुर्गालाल श्रेष्ठ र लोककवि राजभाइ जकःमिलाई नेपाः पासा पुचः अमेरिकायूले सम्मानार्थ संरक्षक पद प्रदान गरेको छ।

पुचःका अध्यक्ष मनोहर श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा साहित्यको माध्यमबाट नेपालभाषा र नेपाल देशलाई विश्वमै चिनाउने कार्य गर्दै आउनु भएका दुवै कविहरुको योगदानको कदर गर्दै उहाँहरुलाई पुचःले सम्मानार्थ संरक्षक पद प्रदान गरिएको हो।

पासा पुचःका नेपाल प्रतिनिधि बुद्ध महर्जनले स्वागत गरी सुरु भएको कार्यक्रममा स्वास्थ्यका कारण उपस्थित हुन नसकेपनि एक भिडियो सन्देशमार्फत् पद ग्रहण गर्नुहुँदै जनकवि दुर्गालाल श्रेष्ठले सांस्कृतिकरुपमा अमेरिकामा पुग्नुभएका पहिलो नेपाली रामवीर मालाकार भएको र आज उहाँले स्थापना गर्नुभएको अमेरिकाकै पहिलो नेवार संस्थाले आफूलाई संरक्षक पद प्रदान गरेकोमा आभार व्यक्त गर्नुभयो।

यसका साथै लोककवि राजभाइ जकःमिले जनकवि दुर्गालालको व्यक्तित्व चित्रण हुने कविता वाचन गर्नुहुँदै पासा पुचःले आफूलाई सम्मानार्थ संरक्षक पद दिएर गम्भीर जिम्मेवारी प्रदान गरेको र सो जिम्मेवारी पूरा गर्न आफू सदैव तत्पर रहने बताउनु भयो।

पासा पुचःका संरक्षक एवम् ख्यालि जुजु मदनकृष्ण श्रेष्ठ विशिष्ट अतिथिको रुपमा उपस्थित हुनुभएको कार्यक्रममा मन्तव्य राख्नुहुँदै श्रेष्ठले जनकवि र लोककवि दुवैका गीतमा आफूले स्वर दिन पाएको र उहाँहरुलाई संरक्षक पद प्रदान गरेको कार्यक्रममा उपस्थित हुन पाउँदा आफू पनि हर्षित भएको बताउनु भयो।

सम्मानार्थ संरक्षक पद ग्रहण गर्नुभएका जनकवि दुर्गालाल श्रेष्ठ र लोककवि राजभाइ जकःमिले नेपालभाषा साहित्य र नेवाः आन्दोलनमा पुऱ्याउनु भएको योगदानका बारेमा वरिष्ठ पत्रकार सुरेश किरण मानन्धरले प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा उपस्थित हुनुभएकी काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले लोककवि जकःमिलाई लोककवि उपाधि प्रदान गर्दा आफूले कार्यक्रम संचालन गरेको स्मरण गर्नुभयो। सो कार्यक्रममा नै लोककवि जकःमिले नेवार महिलाहरु पनि अगाडि बढ्नुपर्छ भन्ने हौसला प्रदान गर्नु भए अनुरुप आफू पछिल्लो समय राजनीतिमा अग्रसर भएको बताउनु भयो।

पासा पुचःका संरक्षक एवम् नेवाः अर्गनाइजेशन अफ अमेरिकाका पूर्वअध्यक्ष समीर महर्जनले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम पूर्वमिस नेवाः नितु डंगोलले संचालन गर्नुभएको थियो।

नेवार समुदायका प्रतिष्ठित व्यक्तित्वहरुको उपस्थिति रहेको कार्यक्रममा गायक यमन श्रेष्ठले राजभाइ जकःमिको रचना 'भिंगु मनं ज्वजलपा नमस्कार धाये' गीत सुनाउनु भएको थियो।

महिला नेतृत्व विकास तालिम सम्पन्न

• **सुनिता महर्जन**

काठमाडौं/समता अभियान नेपालको आयोजनामा संचालन भएको महिला नेतृत्व बिकास तालिम माघ २९ गते सम्पन्न भएको छ।

बानेश्वरस्थित आनन्दभुमि विजनेश सेन्टर एण्ड इभेन्ट भेन्युमा माघ २५ गते देखि २९ गतेसम्म संचालन भएको सो तालिमको उद्घाटन बागमति प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले गर्नुभएको थियो।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै मन्त्री मोक्तानले महिलाहरुको विकासका लागि संचालित यस्तो कार्यक्रमले महिलाहरुलाई समाजमा अगाडि बढ्न सहयोग पुऱ्याउने बताउनु भयो। साथै उहाँले महिला समूहहरुले महिला विकासका लागि कुनै पनि किसिमको योजना प्रस्ताव गरेको खण्डमा साझेदारी गरी कार्यक्रम संचालन गर्न सकिने पनि उहाँले बताउनु भयो।

७५ जना प्रशिक्षार्थीहरुको उपस्थिति रहेको सो तालिममा सहजिकरणका लागि शोभा महर्जन बज्राचार्य, शशि श्रेष्ठ, कल्पना धमला, अमृता थापा र उमेश स्थापित रहनु भएको थियो।

५ दिने तालिम समापन पछि एक कार्यक्रमका विच बागमति प्रदेश सभाका सभासद सुरजचन्द्र लामिछानेले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

मेयर कप तेक्वान्दो प्रतियोगिता सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/जैशिदेवल यूथ क्लबको आयोजनामा चौथो बागमति प्रदेश स्तरीय जुनियर आमन्त्रण मेयर कप तेक्वान्दो प्रतियोगिता २०८० शनिवार सम्पन्न भएको छ।

प्रतियोगितामा काठमाडौं मनपा प्रथम, आयोजक जैशीदेवल तेक्वाण्डो डोजाङ्ग दोश्रो र गोदावरी नगरपालिका तृतिय भएका छन्। क्लबका अध्यक्ष एवम् डोजाङ्गका प्रमुख प्रशिक्षक राजेश प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा काठमाडौं मनपाका प्रवक्ता एवम् १७ वडा अध्यक्ष नविन मानन्धर प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

कार्यक्रममा कामपा १२ वडाका अध्यक्ष बालकृष्ण महर्जन, १४ वडाका अध्यक्ष सुमन श्रेष्ठ, २० वडाका अध्यक्ष राजेन्द्र मानन्धर र २१ वडाका अध्यक्ष उदयचुडामणि बज्राचार्यको विशेष उपस्थिति रहेको थियो।

प्रतियोगिताको १७ वर्ष मुनि पुरुष पुम्सेमा आयोजक जैशीदेवल तेक्वाण्डो (ए)का रोजन प्रजापति, महिलातर्फ गोदावरी नपाकी सरगम थापाले स्वर्ण पदक जिते भने १२ वर्ष मुनि पुम्सेमा पुरुषतर्फ गोदावरीका दिप्सन महर्जन र महिलातर्फ गोदावरी नपाकै युमि पाख्रिनले स्वर्ण पदक हात पारेका छन्।

यस्तै तौल समूहमा पुरुषतर्फ ५०-५४ केजीमा कामपाका निश्चल घोली, ४६ देखि ५० केजीमा कामपाकै कर्ण घोली, ४२देखि ४६ केजीमा कामपाकै कैलाश थापा, ३८ देखि ४२ केजी तौल समूहमा आयोजक एका राहुल लिम्बु, ३४-३८ केजीमा कामपाका युनिस तिमल्सिना, ३१-३४ केजीमा पवन पण्डित, २८-३१ केजीमा आयोजकका अकेन्द्र बुढाथोकी, २५ देखि २८ केजी समूहमा आयोजककै रोशन तामाङ्गले स्वर्ण पदक हात पारेका छन्।

यस्तै महिला तौल समूहमा ४६-५० केजीमा तारकेश्वरकी रिना अधिकारी, ४२-४६ केजी समूहमा कामपाकी रोजिना लामा, ३८-४२ केजीमा कागेश्वरीकी सम्पदा शिवाकोटी, ३५-३८ केजीमा तारकेश्वरकी जमुना मगर, ३२-३५ केजी तौल समूहमा काठमाडौंकी कृतिका कार्की, २९-३२ तौल समूहमा कामपाकी सोफिया भुजेल, २६-२९ तौल समूहमा मध्यपुरकी मोनालिसा धामी र २३-२६ केजीमा हेटौंडा कृषिका क्षेत्रीले स्वर्ण पदक जितेका थिए। प्रतियोगितामा बेष्ट फाइटर उपाधि जैशीदेवल तेक्वाण्डो डोजाङ्गका राहुल हाङ्ग लिम्बू पुरुषतर्फ र कागेश्वरीकी सम्पदा सिवाकोटीले महिलातर्फको उपाधि हाल पारेका छन्।

प्रतियोगितामा विमल विकलाई उत्कृष्ट रेफ्री र काठमाडौंका राजेन्द्र खत्रीलाई उत्कृष्ट प्रशिक्षकको रुपमा पुरस्कार दिइएको थियो। यसैगरी प्रदर्शनी खेलका रुपमा खेलाइएको पारा तेक्वान्दोमा भरत सिंह महर्जन पहिलो र अमिर भ्लोन दोश्रो भएका थिए। प्रतियोगिता माघ २५ देखि २७ गतेसम्म रंगशालामा आयोजना गरिएको थियो।

किलाघः त्वाः मिसा पुचः
किलाघः, यँ महानगरपालिका-१८, यँ।

इहि मुना ११४४ या सुचं

थुगु किलाघः त्वाः मिसा पुचःया ग्वसालय् जुइगु इहि मुना ११४४ स थः म्हयायूमचाया नां इलय् हे दर्ता यानाः थःगु थाय् सुरक्षित यानादिसँ।

ज्याइवः ग्वाहालि
न्हिल्याः : ने.सं. ११४४ सिल्लागाः ७-८ (२०८० फागुन १९-२०)। **किलाघः त्वाः खलः**
थाय् : किलाघः, यँ। **यँ मनपा १८ वडा**
नां दुथ्याकेगु लिपांगु दिं : ने.सं. ११४४ सिल्लाथ्व पुन्ही (वि.सं. २०८० फागुन १२)
स्वापू (सम्पर्क) : ९८४१५२८९७२, ९८४१३८४८४९

प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

➢ *प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।*
➢ *आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।*
➢ *शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।*
➢ *मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।*

त्यसैले,
प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड